**बाढीपहिरोबाट जोगिऔं**

जथाभावी सडक निर्माण र वनविनाशले बाढीपहिरो निम्त्याउने हुँदाः

- वृक्षारोपण गरौं, वनजङ्गल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं ।
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रूख, बाँस, निगालोजस्ता भूक्षय रोक्ने खालका बिरुवा रोपौं र संरक्षण गरौं ।
- आफ्नो बस्ती तथा समुदायको रक्षा गरौं ।
- बाढी तथा पहिरो गएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं ।

**बाढीपहिरोबाट आफू पनि बचौं अरूलाई पनि बचाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epratee kdaily.com

❖ वर्ष ३६ ❖ २०८० साउन ०७ गते आइतवार // मृत भस्म नबन्दैमा भिःल्को भैकन बल्नुछ // 2023 July 23 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ३२३

## वीरगंजमा खानेपानीको चरम समस्या : पिउनलाई समेत पानी भएन

प्रस, वीरगंज, ६ साउन/

वीरगंज महानगरपालिकामा केही महीनादेखि देखिएको खानेपानीको समस्या यथावत् छ। महानगरभित्रका अधिकांश वडामा खानेपानीको हाहाकार मचिएको छ। नगरवासीहरू खानेपानीको व्यवस्था गर्न अहिले दिनरात व्यस्त हुने गरेका छन्। वैशाखमा महानगरमा खानेपानीको समस्या भएको समाचार प्रकाशमा आएपछि महानगरले पानीको समस्या समाधान गर्ने दाबी गरेको थियो। यसका लागि महानगरले नीति, नियम तथा खानेपानी संस्थानसँग मिलेर समस्या समाधान गर्ने दाबी गरेको थियो ।

### भूमिगत पानीको सतह बढाउन गर्नुपर्छ यी काम

अत्यधिक गर्मी बढेसंगै तराई-मधेसका जिल्लामा खानेपानी अभावको समस्यालाई दिगोरूपमा कम गर्न दिगो योजना बनाएर काम गर्नु आवश्यक रहेको विज्ञहरूको भनाइ छ । भूमिगत जलस्रोत तथा सिंचाइ विकास डिभिजन, पर्साका प्रमुख विकास ठाकुरले जमीनमुनिको पानी सञ्चितिको लागि सबैभन्दा मुख्य कुरा पानीको अनावश्यक खर्च बन्द गर्नु जरुरी रहेको बताए । भूजलविद् (हाइड्रोजियोलोजिस्ट)समेत रहेका प्रमुख ठाकुरले तराई-मधेसमा पानी सञ्चित गर्ने मुख्य मुहान चुरे क्षेत्र भएकोले त्यहाँ नदीजन्य पदार्थको अवैध उत्खननलाई कडाइ गर्दै नियन्त्रण गर्नुपर्ने सुझाव दिए । आफ्नो धाराको पानीलाई पुनः जमीनभित्र पठाउन हौदा (धारानजीकै खाल्डो खनेर पानी जमीनमा सोस्न लगाउने खाल्डो) खन्ने, अनधिकृत डीप बोरिङमा प्रतिबन्ध लगाउने, वर्षात्को पानीलाई जम्मा पार्ने योजना अघि बढाउने, वृक्षारोपणमा तीव्रता दिने जस्ता कार्यले जमीनमुनिको पानीको सतहलाई बढाउन सकिने उपाय बताए ।



तस्वीरः प्रतीक

महानगरले वडास्तरमा निश्शुल्क धारा जडान गर्ने घोषणासमेत गर्‍यो । तर महानगरवासीको समस्या समाधान नगर्दा खानेपानीको झनै हाहाकार भएको नगरवासीले आरोप लगाएका छन् । वीरगंज-१३ राधेमाईका विनोद यादवका अनुसार टोलका करीब डेढ सय चापाकल सुक्दा टोलवासीलाई समस्या भएको छ। “अहिले टोलवासीहरू रात्रिको समय पानीको जोहो गर्न घुमिरहेका छन्, राति चापाकलमा पानी आउँछ भनी मोटर चलाएर पानी भण्डारणमा खटिरहेका छन्,” उनले भने, “बिहान चर्पी र बाथरूममा पानी नभएर निकै समस्याको सामना गर्नुपरेको छ, पिउने पानीको त कुरै छाडौं । जोसँग पैसा छैन, उनीहरू अरू वडामा पानी खोज्दै हिंडेका छन् भने पैसा हुनेहरूले बोतलको पानी किनेर उपभोग गरिरहेका छन् ।”

वीरगंजको मुर्ली, राधेमाई, तेजारथ टोल, अलौं, सुगौलीबिर्ता, श्रीसिया, लिपनीबिर्ता, भवानीपुर, रामगढवा, मनियारी, लक्ष्मनवा, बसपार्क, छपकैया, श्रीपुर, आदर्शनगर, घडीअर्वालगायत अधिकांश शहरी वडामा पानीको समस्या उत्पन्न भएको छ ।

पानीको समस्या समाधानका लागि वीरगंज महानगरले टोलटोलमा ट्याङ्करबाट पानी आपूर्ति गर्न शुरू गरेको छ । साथै, पानीको समस्या दिगोरूपमा समाधानका लागि अनधिकृत डीप बोरिङलाई महानगरले रोक लगाउँदै सबै वडाका सार्वजनिक स्थानमा सामूहिक डीप बोरिङ गर्ने तयारी गरेको महानगरले जनाएको छ ।

महानगरले खानेपानी संस्थान, वीरगंजसँग सहकार्य गरी केही वडाका



तस्वीरः प्रतीक

सार्वजनिक स्थानमा धारा जडान गर्ने तयारी गरेको वीरगंज महानगरका प्रमुख

(बाँकी अन्तिम पातामा)

## कर्पोरेट डेभलपमेन्ट बैंकमा पनि डोजर चल्यो

प्रस, वीरगंज, ६ साउन/

वीरगंज महानगरपालिका कार्यालयले शनिवारदेखि आदर्शनगरस्थित कर्पोरेट डेभलपमेन्ट बैंक रहेको स्व शिवप्रसाद र सो भवनबाट बैंकका सामानहरू निकालिएपछि आजदेखि डोजर चलाउन शुरू गरिएको महानगरले जानकारी गराएको छ ।



तस्वीरः प्रतीक

साहको भवनमा पनि डोजर चलाएर भत्काउन शुरू गरेको छ ।

मुख्य नालामाथि बनाइएको संरचना हटाउने क्रममा आज कर्पोरेट डेभलपमेन्ट बैंक रहेको भवनमा डोजर चलाएको महानगरले जनाएको छ ।

यसअघि साउन २ गतेदेखि सो भवनदेखि उत्तरतर्फ मुख्य नालामा बनेको क्लासिक होटलमा डोजर चलाएर भत्काइएको थियो ।

बैंकले कार्यालय सार्नका लागि शुक्रवारसम्मको समयसीमा माग गरेको मुख्य नालामाथि बनेको महानगरपालिका कार्यालयले दाबी गरे पनि सो नालामाथिको क्षेत्र तत्कालीन पशुपतिनगर निर्माण समितिले बोलकबोलबाट २०२६ सालमा बिक्री गरेको थियो । समितिले बिक्री गरेको जग्गा मालपोत कार्यालय, पर्साबाट २०३१ सालमा रजिस्ट्रेशन भएको थियो भने तत्कालीन नगरपञ्चायत हालको महानगरपालिका कार्यालयबाट घरनक्शा पास गरेर क्लासिक होटल र कर्पोरेट डेभलपमेन्ट बैंक रहेको भवन खडा भएका थिए ।

## विपी स्मृति दिवसमा वृक्षारोपण

प्रस, वीरगंज, ६ साउन/

विपी स्मृति दिवसमा वीरगंज महानगरपालिका-२ मा वृक्षारोपण गरिएको छ ।



तस्वीरः प्रतीक

विश्वेश्वरप्रसाद कोइरालाको ४१औं स्मृति दिवसको अवसरमा शनिवार वीरगंज महानगरपालिका-२ नेका वडा कार्यसमितिको आयोजनामा वृक्षारोपण गरिएको छ ।

नेका, पर्साका सचिव एवं उपप्रमुख इम्तियाज आलमले वृक्षारोपण गरेर कार्यक्रमको उद्घाटन गरेका थिए। उनले वृक्षारोपणबाट वातावरण स्वच्छ हुने बताए ।

वडाध्यक्ष महमद रेयाज मियाँ तेलीको सभापतित्व भएको कार्यक्रममा विभिन्न जातिका सय थान बिरुवा रोपिएको राहुल गुप्ताले बताए ।

कार्यक्रममा वडा सदस्य वसिर मियाँ हजाम, कमल महतो, धर्मराज यादव, उपप्रमुख आलमका स्वकीय सचिव शेख हजरालगायतको सहभागिता थियो ।

## ३८ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, ६ साउन/

कलैया सिटी जेसीजको आयोजनामा शनिवार कलैयामा आयोजित रक्तदान कार्यक्रममा ३८ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक जीतेन्द्र कुशवाहाले बताए ।

कार्यक्रममा ओमप्रकाश सर्राफ, राजाप्रसाद दास, अनिल साह, अरनिकोप्रसाद यादव, पप्पु महतो, आशुतोष पटेल, सन्दीप साह, रूपेश स्वर्णकारलगायतले रक्तदान गरेका थिए।



तस्वीरः प्रतीक

## भ्रष्टाचारविरुद्ध अभियानमा सरकार निष्पक्ष देखिएन -ज्ञवाली

प्रस, परवानीपुर, ६ साउन/

नेकपा एमालेका उपमहासचिव प्रदीप ज्ञवालीले वर्तमान सरकार देश र





तस्वीरः प्रतीक

जनताका पक्षमा नभई विदेशीको हितमा काम गरिरहेको आरोप लगाएका छन् ।

प्रेस चौतारी नेपाल, बाराले शनिवार सिमरामा आयोजना गरेको पत्रकार सम्मेलनमा नेता ज्ञवालीले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको पछिल्लो भारत भ्रमण नेपालको हितमा भन्दा पनि भारतको इच्छा पूरा गरिदिने कडी बनेको आरोप लगाए ।

उनले प्रम प्रचण्डको भारत भ्रमणबाट भारतले चाहेका जलविद्युत् आयोजना नेपालका तर्फबाट जिम्मा लगाउने काम भएको आरोप लगाए । भारतले २७ वर्षदेखि अलपत्र पारेर राखेको माथिल्लो कर्णालीको सम्बन्धमा कुनै संवाद नगरी थप दुईवटा आयोजना पुनः जिम्मा लगाएको उनले बताए ।

भ्रष्टाचार नियन्त्रणको विषयमा सरकारले पछिल्लो समय स्टन्टबाजी गरिरहेको उनले आरोप लगाए । उनले भने- सरकार आफ्नै शरीरमा फोहोर बोकेर अरूलाई सफा गर्न हिंडिरहेको छ, पहिला आफू सफा हुनुपर्‍यो । उनले अनियमितता र भ्रष्टाचारका प्रकरणमा नाम जोडिएका नेतालाई सहयात्री बनाएर हिंडिरहेको सरकारले निष्पक्ष छानबीन गर्छ भन्ने लाग्दैन भनी ठोकुवा गरे ।

भ्रष्टाचारका मुद्दामा जोडिंदा निष्पक्ष छानबीन गर्नुपर्ने भन्दै नेता ज्ञवालीले पूर्वाग्रही ढङ्गबाट गरिने छानबीनले निकास नदिने जिकिर गरे । ठूला प्रकरणका निर्णयकर्ता सत्ताको सहयात्री बनाउने र दुई/चार जनालाई पक्राउ गरेर जनतामा भ्रम छर्ने काम प्रचारबाजी मात्र भएको उनको आरोप थियो ।

नेता ज्ञवालीले तत्कालीन माओवादी लडाकू शिविरमा भएको भ्रष्टाचारको विषय, पछिल्लो सुनकाण्डमा सरकारमा रहेको दल नेकपा माओवादी केन्द्रका उपाध्यक्ष कृष्णबहादुर महरा, उनका छोरा प्रकाश जोडिएर आएको छ, यस विषयमा सरकारले निष्पक्ष छानबीन गर्नुपर्ने बताए ।

कार्यक्रममा एमालेका सचिव एवं मधेस प्रदेश इन्चार्ज योगेश भट्टराईले मधेस सरकार र मधेसका स्थानीय तहहरूमा बढी रकम अपचलन भएको देखिएकाले सोको नियन्त्रण गर्न एमालेले पहल गर्ने बताए । मधेसको विकास र समृद्धिका लागि एमालेले जागरूक गर्ने अभियान शुरू गरेको उनले बताए ।

प्रेस चौतारी, बाराका अध्यक्ष दिवाकर भण्डारीको अध्यक्षतामा भएको पत्रकार सम्मेलनमा एमाले पोलिटब्युरो सदस्य एवं पार्टी स्कूल संयोजक पुरुषोत्तम पौडेल, पोलिटब्युरो सदस्य एवं विषयविज्ञ प्रशिक्षक ईश्वरी रिजाल, जीतपुरसिमरा उपमहानगरपालिकाका उपप्रमुख भोलाप्रसाद अधिकारीलगायतको सहभागिता थियो । कार्यक्रमको सहजीकरण अनिल गौरवले गरेका थिए।

## विचारसार र सूक्तिहरू

**जिन्दगी मस्त बाँच्नका लागि एउटा सामान्य नियम बनाऔं। सधैं केही राम्रा कुरा याद गरौं र केही नराम्रा कुरा बिर्सिदिउँ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# युवा ऊर्जा तथा बूढापाकाको अनुभव

"उनका कुरा नसुन, उनीहरू जहिले पनि गुनासो गरिरहन्छन्," एल्विन टोएफलरले आफ्नो मशहूर पुस्तक फ्युचर शाकमा यस्तो अभिव्यक्ति दिएका छन्। शायद यस्तो हमेशादेखि भइरहेको छ कि पुरानो पीढीले नयाँ पीढीलाई भौंतारिएको ठान्छ र नयाँ पीढी पुरानोको वास्तै गर्दैन। यसै विरोधाभास र मतभेदले होला दुवै पीढी एकअर्काप्रति विरोधाभासी हुन्छन्।

शायद यस कारण बुझ्न सकिरहेको छैन कि परिवर्तनको जुन गतिबाट नयाँ पीढी पाइलामा पाइला मिलाइरहेको छ, परिवर्तनको जुन गतिका साथ नयाँ पीढीको आँखा खुलेको छ, त्यसमा पुरानो पीढी आफूलाई सरोबरी गर्न असमर्थ भइरहेको छ।

यस पीढीले वास्तविक वैश्विक पीढीको अवधारणाको विकास क्रमको अन्तरालमा आँखा खोलेको छ र पुरानो

**पुरानो पीढीलाई लाग्दछ कि नयाँले मात्र र मात्र नराम्रो कुरा सिक्दछ। नराम्रा मानिसमा पनि गुण हुन्छ र असल मानिसमा पनि खराबी हुन्छ। नयाँ र भविष्य, यदि यति नै खराब हुन्थे भने दुनियाँ कहिले पनि अगाडि बढ्न सक्ने थिएन। अगाडि त के, पछाडि नै खस्किरहेको हुन्थ्यो।**

आजकै समयलाई हेरौं न। साहित्यकारदेखि समाजशास्त्रीहरूसम्मको एउटा समग्र पीढी आजका युवालाई बेपरवाह, लापरवाह, भौंतारिएको र गलत बाटोमा हिंडेको मान्दछ; जबकि किशोर यस विस्फोटक सूचनाको प्रौद्योगिकी युगमा पुराना पीढीलाई मक्किइसकेको ठान्दछ।

पुराना पीढीका पारम्परिक बुद्धिजीवीहरू नयाँ पीढीलाई आफ्नो ढङ्गले परिभाषित गर्ने कोशिश गरिरहेका छन् र नयाँ पीढी उनका यस हास्यास्पद कोशिशमा उदेक मानिरहेको छ। नयाँ पीढीका साथ आफ्नो तनाव हुन्छ, आफ्नो समस्या हुन्छ। यद्यपि यो पनि सही हो कि ऊसँग एउटा सहुलियत भने छ।

नयाँ पीढी यदि पुरानो पीढीभन्दा केही मामिलामा पछि छ भने धेरै मामिलामा अगाडि पनि छ, तर यो विरोधाभास धेरै मानिसको समझमा आउँदैन। त्यसैले नयाँ र पुराना पीढीबीच मतभेद देखिन्छ। दुवै पीढी एकअर्काको मात्र नकारात्मक पक्षमा दृष्टि केन्द्रित गर्दछन्, फलस्वरूप दुवै एकअर्कालाई बुझ्न सक्दैनन्।

केही बुजुर्गहरूको भनाइ के छ भने नयाँ पीढी पूर्णतः भ्रममा छ। ऊ भौंतारिएको छ, भ्रममा बाँचिरहेको छ। नयाँ पीढी, जसलाई आफ्नो सफलता, आफ्नो स्वतन्त्रता, रङ्गीन सपनाले भरिएको आफ्नो दुनियाँ लागिरहेको छ, त्यो वस्तुतः एउटा धोखा हो र वास्तवमा त्यो उसको पतनको प्रक्रिया हो।

नयाँ पीढीलाई लाग्दछ ऊ नाचिरहेको छ, तर ऊ नाचिरहेको छैन, अपितु उसको खुट्टामुनिको धरती हलचल गर्दै घस्किरहेको छ। असलमा उसको उफ्राइ उसको खुट्टामुनिको घस्किरहेको जमीनको प्रतिक्रिया हो।

यदि यस कल्पनाको नकारात्मकताको तहसम्म पुग्छौं भने त्यहाँ कल्पना मात्र देख्छौं। आखिर किन र कसरी नयाँ पीढी यस किसिमको भ्रममा पर्न सक्यो ? के उसको सपना काल्पनिक हो ? के उसको महत्त्वाकाङ्क्षा कल्पना र अव्यावहारिक मात्र हो ? के ऊ मिहिनेत गर्दैन ? के उसले केही नयाँ सोच्दैन ? के उसमाथि श्रेष्ठ बन्ने कुनै दबाब छैन ? के ऊ कल्पनाशील छैन ? के ऊ दुनियाँका तमाम जोखिमसँग परिचित छैन ?

उदेक लाग्दछ, जब कसैले समग्र एउटा पीढीप्रति एकपक्षीय दृष्टिकोण बनाउँदछ, त्यो पनि एकदम नकारात्मक दृष्टिकोण। नयाँ पीढीलाई पुरानो पीढी पीढीले मात्र नीति–वचनहरूमा मात्रै 'वसुधैव कुटुम्बम्'जस्ता आप्त वचन पढेको छ। यस पीढीलाई भावनासँग कम, वास्तविकतासँग बढी सरोकार छ। पुरानो पीढी वास्तविकतामा कम र भावनामा ज्यादा बाँच्दछ।

यो पीढी यदि साँच्चीको वैश्विक पीढी हो, भूमण्डलीय पीढी हो भने यसको अर्थ यो मात्र हुँदैन कि नयाँ पीढी मात्र र मात्र खराब र कमीहरूको विस्तार गरिरहेको छ। नयाँ पीढी आफ्नो सुन्दर, मौलिक ऊर्जा, कल्पना, क्षमता, कोशिश र सपनाहरूलाई पनि एकार्कासँग बाँड्छ।

यसै युगले मानिसलाई डिस्कभरी र हिस्ट्री चैनल पनि दिएको छ, जसले यति ज्ञान प्रसारित गर्दछ, जुन ठूला–ठूला पुस्तकालयहरूमा पनि उपलब्ध छैन। यदि वैश्विक पीढीले एकार्काको कमी–कमजोरी सिकेको छ भने एकार्काको गुणबाट पनि परिचित भएको छ। आज यस्ता किशोर बिरलै होला जसलाई दुनियाँको कुनै पनि कुनाको सटीक र वास्तविक जानकारी नहोला। यो सबै यसै इन्टरनेटको सूचना विस्तारकै त परिणाम हो।

पुरानो पीढीलाई लाग्दछ कि नयाँले मात्र र मात्र नराम्रो कुरा सिक्दछ। नराम्रा मानिसमा पनि गुण हुन्छ र असल मानिसमा पनि खराबी हुन्छ। नयाँ र भविष्य, यदि यति नै खराब हुन्थे भने दुनियाँ कहिले पनि अगाडि बढ्न सक्ने थिएन। अगाडि त के, पछाडि नै खस्किरहेको हुन्थ्यो।

जबकि तथ्य, आँकडा र इतिहासले यस कुराको पुष्टि गर्दछन् कि दुनियाँको निरन्तर विकास भइरहेको छ। मानिस निरन्तर मानवीय भइरहेको छ, मित्रवत् भइरहेको छ र दुनियाँ निरन्तर राम्रो भइरहेको छ। केही थोरै क्षेत्रलाई छाडिदिने हो, जहाँ हामी आजभन्दा राम्रो थियौं भने त्यो हाम्रो कोशिशका कारण होइन, अपितु केही नगर्दा अनुभूत भएको थियो।

आवश्यकता के कुराको छ भने नयाँ पीढीले आफ्नो नयाँनयाँ सूचना परस्पर बाँडोस् र पुरानो पीढी आफ्नो अनुभवहरूको आधारमा नयाँ पीढीलाई दिशा निर्देश गर्न सहायक बनोस्। युवाहरूको ऊर्जा, साहस र मनोबललाई जब बुजुर्गहरूको अनुभव र समझदारीको सम्बल प्राप्त हुन्छ, अनि सारा समस्या समाधान हुन्छ जुन आज अत्यन्त आवश्यक प्रतीत भइरहेको छ।

# अनधिकृत अर्थतन्त्रका आयाम

त्रिभुवन विमानस्थलबाटै जाँचपास भएर निस्किएको झन्डै १०० किलो सुनकाण्ड अहिले चर्चामा छ। यी त प्रकाशमा आएका तथ्य मात्रै हुन्। यस्ता पर्दापछाडिका प्रकरणहरू कति होलान् ? अनुमान मात्र गर्न सकिन्छ। एक किलो सुनमा मात्रै राज्यको ढुकुटीमा १२ लाख रुपैयाँ हानि हुने अनुमान छ। उच्च सुरक्षा सतर्कता र निगरानीमा रहने यो भन्सारबाट यसअघि पनि यस्ता घटनाहरू हुने गरेकै हुन्। सत्य यो पनि हो कि यति ठूलो परिमाणमा हुने अवैध कारोबार मिलेमतोविना सम्भव हुन सक्दैन। यतिसम्म सुनिन्छ, पक्राउ पर्नु पनि तस्करीमा सेटिङ नै हो। अवैध कारोबारका यस्ता कति पहेली त उद्घाटित नै हुँदैनन्। यी जे जसो गरेर पनि पैसा कमाउनै पर्ने बदनियत र फितलो राज्य प्रशासनको प्रमाण हुन्।

यस्ता अवैध कारोबारहरू अनौपचारिक अर्थतन्त्रका उपक्रमहरू हुन्। एकजना तत्कालीन अर्थमन्त्रीले पदमा रहेका बेला सार्वजनिक वक्तव्यमा भनेको स्मरण हुन्छ– हामीकहाँ कुल गार्हस्थ उत्पादनको ५० प्रतिशतको हाराहारीमा अनौपचारिक अर्थतन्त्र छ। यसलाई पत्याउने हो भने अहिले करीब २५ खर्ब रुपैयाँ बराबरको अर्थतन्त्र आँकडाबाहिर छ। सामान्यतः अनौपचारिक (अवैध) आयात निर्यातलाई मात्र अनौपचारिक गतिविधि बुझ्ने परिपाटी छ। नेपाल राष्ट्र बैंकको अध्ययनलाई आधार मान्दा बर्सेनि चार खर्ब रुपैयाँजतिको अनौपचारिक माध्यमबाट आयात हुन्छ, यसको लाभ राज्यको आयमा जोडिन पाउँदैन। अनौपचारिक अर्थतन्त्रका सरोकार वृहत् छन्।

नेपालको सबैभन्दा ठूलो व्यापार साझेदार र खुला सिमाना जोडिएर रहेको देश भारत हो। हाम्रो आपूर्ति व्यवस्थापन भारतमाथि कति निर्भर छ भन्ने कुराको भेउ पाउन २०७२ को नाकाबन्दीको सकस स्मरण गरे मात्रै पुग्छ। खुला सिमानाबाट सहज आवागमनले अनधिकृत कारोबार पनि अभिन्न अङ्गजस्तै बनेको अवस्था छ। नियम कानूनको अपर्याप्तता, कमजोर कार्यान्वयन र कार्यान्वयन तहमा व्यक्तिगत स्वार्थका कारण नेपालजस्ता अल्पविकसित देशमा अनधिकृत अर्थतन्त्रको दायरा फैलिइराखेको छ।

राजनीतिक तरलतालाई स्वार्थ समूहले आफ्नो हितमा उपयोग गर्ने परिपाटी समस्याको रूपमा रहेको छ। नजीकैको उदाहरण हेरौं, हालै सम्पन्न चुनावअघि सीमा क्षेत्रबाट व्यापक तस्करी भइरहेको थियो। चुनावलगत्तै सरकार बनेपछि केही समय यो धन्धा ठप्प भएको

समयान्तर



ओमप्रकाश खनाल
omkhanal@gmail.com

**भारतले वस्तु तथा सेवा करमार्फत अप्रत्यक्ष करमा बहुदर अपनाउँदा हामी भने तीन दशकदेखि आम उपभोगदेखि विलासी वस्तुमा १३ प्रतिशत मूल्य अभिवृद्धि कर लिइराखेका छौं। त्यसमाथि तहगत सरकारका करहरू सकसका कारण बनेका छन्।**

थियो। अहिले आएर सीमा क्षेत्रमा पुनः यो अवैध धन्धाले गति लिएको देखिएको छ। अझ विडम्बना त के भने यस्तो धन्धामा स्थानीयस्तरमा काम गर्ने प्रहरी प्रशासनदेखि तिनका उच्च तहसम्मको यसमा साँठगाँठ रहिआएको छ। राजनीतिक तरलताको समयमा राजनीतिमा लागेकाहरू नै तस्करीको धन्धामा लागेका घटनाहरू पुराना भइसकेका छैनन्। पछिल्लो मधेस आन्दोलनताका आन्दोलनका स्थानीय अगुवाहरूले नै यो धन्धाबाट मनग्गे कमाएर राजनीतिक हैसियत उकासेका चर्चा अहिलेसम्म सुन्न पाइन्छ।

राजनीति इमानदार भइदियो भने अर्थतन्त्रका यस्ता समस्याहरूको निकासमा समय लाग्दैन। स्मरण हुन्छ, डा बाबुराम भट्टराई अर्थमन्त्री हुँदा भन्सारमा 'दस्तुरी' बन्द भएको थियो। उनको बहिर्गमनसँगै यो पुनः संस्थागत हुन पुग्यो। यतिसम्म कि बाबुराम अर्थमन्त्रीबाट हट्नेबित्तिकै भन्सारका कर्मचारीले उनी अर्थमन्त्रीमा रहँदासम्म छुटेको दस्तुरी मागेको बताउने व्यापारीहरू पनि छन्। तर हामीकहाँ सबैभन्दा भ्रष्टाचार राजनीतिमैं छ। व्यापारिक घरानाको स्वार्थमा करका दर हेरफेर गर्नेदेखि सीमानाकामा तस्करीको लाइन बाँड्नेसम्मका कर्तुतमा सधैं राजनीति जोडिने गरेको छ। राजनीतिक संरक्षणमा हुर्किएको दुई नम्बरी धन्धा यति बलियो देखिन्छ कि एक/दुई जना नेता वा कर्मचारीले चाहेर पनि यसलाई भत्काउन सक्दैन। हामी देख्छौं, कालोबजारी र सिन्डीकेटलाई मन्त्रीले चाहेर पनि परास्त गर्न नसकेका घटनाहरू छन्। प्रकारान्तरले यस्ता उपक्रम भत्किइहाले पनि छिद्र पाउनेबित्तिकै त्यसका अवशेषहरू सक्रिय हुन्छन्।

सरकारले राजस्व चुहावट नियन्त्रणका लागि ढुवानीमा भेइकल्स एन्ड कन्साइन्मेन्ट ट्र्याकिङ सिस्टम (भिसिटिएस) लागू गरेको साढे चार वर्ष बितिसकेको छ। तर यसको कार्यान्वयनका छिद्र अवैध कारोबारका लागि सहजीकरणका साधनजस्ता भएका छन्। राजस्व अनुसन्धान विभागले निगरानी गरेको यो प्रणालीलाई दुई नम्बरी करोबारीले दुरुपयोग गरिरहेका छन्। भन्सार बिन्दु, उद्योग प्रतिष्ठान र ढुवानी कम्पनीलाई केन्द्रमा राखेर प्रणाली कार्यान्वयनमा ल्याइएको छ।

प्रणालीमा विक्रेताको स्थायी लेखा नम्बर, मालसामानको प्रकृति, परिमाण र बिल मूल्य प्रविष्ट गरे पुग्छ। तर त्यस्तो सामान कहाँबाट आयो ? भन्सार तिरेको छ कि अवैध तरीकाले भित्रियो भन्नेमा प्रणाली मौन छ। यसले गर्दा तस्करीमार्फत भित्रिएका मालसामान पनि निर्बाधरूपमा यो प्रणालीमार्फत ढुवानी भइरहेका छन्। यसको नियन्त्रणका लागि भन्सार र आन्तरिक राजस्व विभागलाई प्रणालीमा एकीकृत गर्ने कुरा भएकै तीन वर्ष नाघ्यो। स्वार्थ समूहले यो काम हुन दिएको छैन। चुहावट नियन्त्रणको लागि लागू गरिएको प्रणाली तस्करी संरक्षणको आवरण बन्नु विडम्बना हो।

वैदेशिक व्यापारको घनत्व भारतसित बढी केन्द्रित हुनुका कारण अनधिकृत व्यापारको ओज पनि दक्षिण सिमानातर्फ स्वाभाविकरूपमा बढी छ। न्यून बीजकीकरण, लागूऔषध कारोबारजस्ता गतिविधि यतै बढी छन्। नेपाल र भारतबीच अनधिकृत व्यापार नियन्त्रणसम्बन्धी सम्झौता छ। यो सम्झौताले कुनै एक देशको नियम कानून उल्लङ्घन नियन्त्रणमा एकले अर्कालाई सघाउने उल्लेख छ। सम्झौताको धारा २ मा कुनै पनि देशका नियम–कानून उल्लङ्घनको रोकथाममा प्रभावकारी सहयोग, परामर्श, सोधपूछ र जानकारी आदानप्रदान गर्ने व्यवस्था छ। तर कार्यान्वयनलाई स्वार्थले जेलेको छ। चीनतिरका थप नाका खुल्ने कुरा छन्। भोलिका दिनमा उत्तरतिर पनि यस्ता कारोबार नबढ्लान भन्ने आधार छैन।

अर्को, हाम्रो राजस्व नीति पनि तस्करीलाई बढावा दिने मुख्य कारण बनेको छ। भारतभन्दा नेपालमा उपभोक्ताले बढी कर भुक्तानी गर्नुपर्ने अवस्था तस्करीको मुख्य कारण हो। कुनै एउटा वस्तुमा सीमावर्ती भारतीय क्षेत्रका बासिन्दाले तिर्नेभन्दा नेपाली बजारका उपभोक्ताले तिर्ने कर बढी हुन्छ भने स्वाभाविकरूपमा त्यस्तो वस्तुको मोल नेपालको बजारमा बढी हुन्छ। भारतसँग १७५० किलोमिटर सिमाना खुलारूपमा जोडिएको अवस्थामा भारतीय बजारमा सस्तो वस्तु उपलब्ध हुन्छ भने उपभोक्ताले त्यस्तो वस्तु भारतीय बजारमैं खरीददारी गर्छ।

भारतले वस्तु तथा सेवा करमार्फत अप्रत्यक्ष करमा बहुदर अपनाउँदा हामी भने तीन दशकदेखि आम उपभोगदेखि विलासी वस्तुमा १३ प्रतिशत मूल्य अभिवृद्धि कर लिइराखेका छौं। त्यसमाथि तहगत सरकारका करहरू सकसका कारण बनेका छन्। स्थानीय सरकारहरूको कर अराजकता सीमाबाहिर पुगिसकेको छ। सरकार भन्सारमा उठाउने राजस्वमुखी स्रोतमा बढी जोडबल लगाउँछ भने स्वाभाविकरूपमा दायाँबायाँबाट सामान भित्रिन्छ। यस्तो अर्थतन्त्रलाई औपचारिक दायरामा समेट्न नीति मात्र भएर पुग्दैन, कार्यान्वयनमा इमानदारी चाहिन्छ।

# सात वर्षपछि नलगाडको डिपिआर तयार

जाजरकोट, ६ साउन/रासस

नलगाड जलविद्युत् आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) प्रतिवेदन तयार भएको छ। ३१ महीनाभित्र पूरा गर्नुपर्ने उक्त प्रतिवेदन सात वर्षपछि तयार भएको हो।

विसं २०७३ मा ३१ महीना भाका राखेर अस्ट्रेलियन कम्पनी स्मेक, अस्ट्रेलियाको एमडब्लुएच र नेपालको उदय जेभीले विस्तृत अध्ययन, बोलपत्र आह्वानको तयारी तथा डिपिआर बनाउने ठेक्का पाएको थियो। नियमानुसार विसं २०७६ मा नै डिपिआर तयार गरिसक्नुपर्नेमा सात वर्षपछि मात्र तयार भएको आयोजनाका निर्देशक सुनील पौडेलले जानकारी दिए।

परामर्शदाताले दिएको अन्तिम प्रतिवेदन आयोजनाले जाँचका लागि नेपाल इन्जिनीयर्स एशोसिएशन (एनइए)लाई उपलब्ध गराउँदा सकारात्मक प्रतिक्रिया दिएपछि डिपिआरको काम पूरा भएको उनले बताए।

निर्धारित म्यादभित्र काम सम्पन्न नभएपछि पटकपटक म्याद थपेर ताकेता गरेपछि डिपिआर प्रतिवेदन तयार भएको पौडेलको भनाइ छ। वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए)लाई पूर्णता दिनका लागि ऊर्जा तथा जलस्रोत मन्त्रालयबाट वन तथा वातावरण मन्त्रालयमा पठाइएको उनले बताए।

वन मन्त्रालयले सात दिने सूचना निकालेर पालिका तथा स्थानीयस्तरमा रहेका वन समूहसँग राय, सुझाव माग्ने तयारी भइरहेको आयोजनाका निर्देशक



नलगाड जलविद्युत् आयोजना क्षेत्र। तस्वीर सौजन्यः नविआका

पौडेलले जानकारी दिए। "उक्त सुझावलाई एक समिति बनाइ निष्कर्ष निकालिनेछ। डिपिआर र इआइएको सबै काम अस्ट्रेलियन कम्पनी स्मेक, अस्ट्रेलियाको एमडब्लुएच र नेपालको उदय जेभीले गरिरहेका छन्," उनले भने।

डिपिआर प्रतिवेदन प्राप्त भएसँगै नलगाड जलविद्युत् आयोजनामा लगानी गर्न जापानी सहयोग नियोग (जाइका) सँग छलफल भएको र उक्त छलफल सकारात्मक भएको पौडेलले बताए। उनका अनुसार लगानीका लागि जाइका तयार भएपछि सम्झौताको तयारी थालिएको हो।

छिटोभन्दा छिटो सम्झौता गर्ने तयारी भइरहेको भन्दै पौडेलले ४१७ मेगावाट क्षमताको उक्त जलविद्युत् आयोजनामा सार्वजनिक–निजी साझेदारी अवधारणा अनुसार लगानी जुटाउने प्रयास गरिएको बताए। उनका अनुसार सुरुआतदेखि नै आयोजनामा लगानी गर्न जापान सरकारले रुचि देखाएको थियो।

विभिन्न चरणमा सरकारको तर्फबाट जापान सरकारसँग लगानीका विषयमा छलफल भइरहेको भन्दै निर्देशक पौडेलले लगानी सुनिश्चित हुनेगरी पहिलो प्राथमिकता जाइकालाई दिइएको जानकारी दिए। "अहिले इआइए स्वीकृतिका लागि वन तथा वातावरण मन्त्रालयमा पुगेको छ। इआइए स्वीकृत हुनेबित्तिकै आयोजना निर्माण प्रक्रियामा लैजाने गरी तयारी थालिएको छ। त्यसका लागि लगानी जुटाउन पहल भइरहेको छ," उनले भने। उनका अनुसार आयोजना निर्माणका लागि रु एक खर्ब २३ अर्ब लाग्ने अनुमान गरिएको छ।

वातावरणीय व्यवस्थापनमा अनुमानित लागत रु ५६ अर्ब लाग्ने आयोजनाले बताएको छ। उक्त आयोजना निर्माण साढे छ वर्षभित्र सम्पन्न गर्ने लक्ष्य लिइएको छ। आयोजनाको बाँध भरिंदा ४७४ करोड घनमिटर पानी भण्डारण हुनेछ। आयोजनाका अनुसार उक्त आयोजना निर्माणस्थल समुद्री सतहदेखि एक हजार ५८० मिटरसम्मको उचाइमा पुग्नेछ। यहाँ ५४५ मिटर चौडाइ र २१० मिटर अग्लो जलाशय बन्नेछ। आठ हजार तीन सय मिटर लामो

(बाँकी अन्तिम पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# कुकर र बिरालाको मासु बिक्रीमा प्रतिबन्ध

जकार्ता, ६ साउन/एएफपी

इन्डोनेशियाको सुलावेसी टापुको कुख्यात पशु बजारमा अब कुकुर र बिरालोको मासु बेच्न नपाइने भएको छ। मासुका निम्ति पाशविकरूपमा ती पशु मारिएका भन्दै पशु अधिकारवादीहरूले त्यसको अन्त्यका लागि वर्षौंदेखि कुकुर–बिरालो बचाऊ अभियान थालेका थिए।


तस्वीरः एएफपी

चमेरा, मुसा, सर्प र बाँदरको मासुसँगै कुकुर र बिरालोको मासु पनि बिक्रीमा राखिने गरेको थियो तर हिजो शुक्रवारदेखि कुकर र बिरालोको मासु बेच्न नपाइने प्रतिबन्धात्मक आदेश जारी भएपछि त्यो रोकिएको छ।

विगतमा निर्दयी बनेका पशुबजारका व्यापारी यसपटक भने कुकुर र बिरालाको मासु नबेच्न सहमत भएका पशु अधिकारकर्मी संस्था ह्युमन सोसाइटी इन्टरनेशनलले शुक्रवार जारी गरेको वक्तव्यमा जनाइएको छ।

कुकुर र बिरालाको मासु बेच्न नपाइने सरकारी आदेशपछि मानव उपभोगका खातिर हजारौं पशुले चरम यातना खेपेर अब मर्नुनपर्ने भएको उल्लेख गर्दै सोसाइटीले सरकारी निर्णयलाई ऐतिहासिक कदम भनेको छ। साथै उसले उक्त निर्णयको स्वागत गरेको छ।

स्थानीय संस्कृतिका कारण कुकुर र बिरालाको मासु बेच्ने विश्वका अति थोरै मुलुकको सूचीमा इन्डोनेशिया रहेको छ। शुक्रवार पशुबजारका छजना व्यापारी र तोमोहन नगरका प्रमुखबीच कुकुर र बिरालाको मासु नबेच्नेसम्बन्धी सम्झौतामा हस्ताक्षर भएको हो। व्यापारीले अब उप्रान्त कुकुर र बिरालाको मासु नबेच्न प्रतिबद्धतासमेत जनाएका सोसाइटीले विज्ञप्तिमा उल्लेख गरेको छ।

कुकुर र बिरालाको मासु बिक्रीमा रोक लगाउनुपर्ने अभियानको अगुवाइ गरेका सोसाइटीका निर्देशक लोला वेब्बर व्यापारी र नगरप्रमुखबीच भएको सम्झौताले हजारौं छाउराको ज्यान जोगिने तथा कुकुर र बिरालाको चोरी तस्करी पनि नियन्त्रण हुने बताए। उक्त टापुमा बर्सेनि एक लाख ३० हजार कुकर मासुका लागि मारिने गरेका थिए।

पशुलाई नमरुन्जेल कुट्ने, झन्डचाउने, जिउँदै आगो लगाउनेजस्ता क्रुर एवं अमानवीय व्यवहारका कारण सुलावेसीको पशुबजार अति आलोचित छ। सन् २०२० मा चिनियाँ शहर वुहानबाट कोरोना भाइरस यस्तै मासुबजारबाट मानवमा सरेको भन्ने जानकारी बारम्बार गराएपछि मासु व्यापारी सहमत भएका बताइएको छ। यसबाट रेबिजको सङ्क्रमण रोक्न पनि मदत पुग्ने वास्तविकताबारे उनीहरूलाई अवगत गराइएको थियो।

तोमोहनमा २५ वर्षदेखि कुकुर र बिरालाको मासु बेच्दै आएका एल्भिनस पोनोग उचित समयमा व्यापार बन्दको निर्णय भएको बताउँछन्। हजारौं कुकुर मारेका उनी तिनलाई मार्न जाँदा तिनका आँखामा आफूले त्रास देखेको र त्यसबाट आफूलाई पनि नमज्जा लाग्ने गरेको बताएका छन्।

बिक्रीमाथिको प्रतिबन्ध पशु र जनसाधारणको रक्षाका निम्ति अति उत्तम भएको उनले बताए। रासस

# ‘आफ्नो जलक्षेत्रबाट इन्धन उत्तर कोरिया लैजान नदेऊ’

संयुक्त राष्ट्रसङ्घ, ६ साउन/एएफपी

युरोपेली सङ्घ र अन्य तीन देशसहित सात राष्ट्रको समूहले चीनलाई आफ्नो जलक्षेत्रबाट इन्धन उत्तर कोरिया लैजाने अनुमति खारेज गर्न आग्रह गरेको छ।

संयुक्त राष्ट्रसङ्घका प्रतिबन्धको अवहेलना गर्दै उत्तर कोरियामा इन्धन लैजाँदै गरेको देखिएकाले तेल बोकेका टयाङ्करलाई आफ्नो जलक्षेत्रबाट हटाउन ती देशले चीनलाई आग्रह गरेका हुन्।

क्यानडा, फ्रान्स, जर्मनी, इटाली, जापान, बेलायत र संयुक्त राज्य अमेरिकाका राजदूतले संयुक्त राष्ट्रसङ्घका लागि चीनका राजदूत झाङ जुनलाई सम्बोधन गर्दै लेखेको पत्रमा चीनको जलक्षेत्रबाट इन्धन आपूर्ति भइरहेकाले त्यसलाई रोक्न आफ्नो सरकारसँग अनुरोध गर्न आग्रह गरिएको छ।

युरोपेली सङ्घ, दक्षिण कोरिया, अस्ट्रेलिया र न्युजिल्यान्डका राजदूतहरूले पनि पत्रमा हस्ताक्षर गरेका छन्। चिनियाँ राजदूतलाई पत्र पठाइएको भएपनि त्यसको पुष्टि नभएको स्रोतले जनाएको छ।

पत्रमा चीनको जलक्षेत्रमा टयाङ्करको उपस्थिति र आवागमनलाई उत्तर कोरियामाथि लगाइएको प्रतिबन्धको पालनाको अनुगमन गर्ने राष्ट्रसङ्घको विज्ञ समूहले अवलोकन गरेको उल्लेख गरिएको छ।

सन् २००६ देखि संयुक्त राष्ट्रसङ्घले क्षेप्यास्त्र प्रक्षेपण र आणविक कार्यक्रमलाई लिएर उत्तर कोरियामाथि प्रतिबन्ध लगाएको छ। २०१७ मा प्योङयाङ उपर कच्चा तेल आयातलगायत थप प्रतिबन्ध लागेको छ।

यसैबीच, अमेरिकाले चीन र रसियाको समर्थनमा उत्तर कोरियाले क्षेप्यास्त्र परीक्षण गर्ने उत्तेजनात्मक गतिविधिलाई निरन्तरता दिएको आरोप लगाएका छन्। चीन र रूसले प्योङयाङमा नयाँ प्रतिबन्ध लगाउने प्रस्तावमाथि भिटो गरेर सुरक्षा परिषद्को एकता पनि खल्बल्याएका छन्। रासस

# पत्रकार तेजपाललाई दुई करोड क्षतिपूर्तिको आदेश

नयाँ दिल्ली, ६ साउन/एएनआई

दिल्ली उच्च अदालतले तहल्का डटकमका पत्रकार तरुण तेजपाल, अनिरुद्ध भेल, म्याथ्यु सामुएल तथा मेसर्स तहल्का डटकमलाई रु दुई करोड क्षतिपूर्ति भर्न आदेश दिएको छ।

न्यायाधीश नीना बंसल कृष्णाको इजलासले सेवानिवृत्त सैनिक अधिकृत एमएस अलुवालियालाई निजहरूबाट उक्त रकम क्षतिपूर्तिस्वरूप भराउने आदेश दिएको हो। सन् २००१ मा मेजर जनरल अलुवालियाले सैन्य सामग्री खरीदमा भ्रष्टाचार गरेको आरोप लगाउँदै तहल्का डटकमले गोप्य कारबाही (स्टिङ अप्रेशन) गरेर खरीदसम्बन्धी विवरण सार्वजनिक गरेको थियो।

तहल्काले सार्वजनिक गरेका भ्रमपूर्ण समाचार सामग्रीबाट आफ्नो मानहानि भएको जिकिर गर्दै जनरल आलुवालियाले उच्च अदालतमा मुद्दा दायर गरेका थिए। उनीमाथि प्रतिरक्षा सामग्री आयातमा ठूलो घोटाला गरिएको आरोप लगाइएको थियो।

प्रतिरक्षा उपकरण उत्पादक बेलायती कम्पनीका नक्कली बजार प्रतिनिधि बनेर तहल्काका दुईजना पत्रकारले स्टिङ अप्रेशन गरेका थिए। उनले एक सीसी ब्ल्यू लेबल ह्विस्की र रु दश लाख घूस मागेको श्रव्य सामग्री तहल्काले प्रसारण गरेको थियो।

उक्त सामग्री प्रसारण हुनेबित्तिकै भारतीय सेनाले उनीमाथि छानबीन थालेको थियो। छानबीनबाट प्रसारित श्रव्य सामग्री असत्य भएको प्रयोगशाला परीक्षणबाट पुष्टि भएको थियो।

न्यायाधीश कृष्णाले भ्रामक समाचारबाट पीडितको चरित्र हत्या भएको, सार्वजनिक मानप्रतिष्ठामा ठूलो आघात पुगेको, क्षमायाचनाबाट त्यो आघात नमेटिने भएकाले उक्त रकम क्षतिपूर्ति भर्न आदेश दिएकी हुन्। रासस


यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com


# मनसुनी वर्षा सुस्त : मुलुकभर ६८ प्रतिशत रोपाइँ

काठमाडौं, ६ साउन/रासस

मुलुकमा जारी मनसुनी वर्षा केही सुस्त देखिएको छ। यस वर्षको वर्षायाममा कम पानी परेका कारण धान रोप्न



किसानलाई समस्या भएको छ। पछिल्लो एक सातादेखि मनसुनी वर्षा पर्याप्त मात्रामा भएको छैन। भेगीय हिसाबले


तस्वीरः प्रतीक

केही स्थानमा भारी वर्षा भएपनि देशभर निरन्तर वर्षा नहुँदा धान रोपाइँ प्रभावकारीरूपमा भएको छैन।

कृषि तथा पशुपक्षी विकास मन्त्रालयका प्रवक्ता प्रकाशकुमार सञ्जेलका अनुसार कृषि विभागको यही साउन ५ गतेसम्मको तथ्याङ्क अनुसार मुलुकभर ६८ प्रतिशत मात्र रोपाइँ सम्पन्न भएको छ।

२०७९ साउन ५ गतेसम्म ८८ प्रतिशत रोपाइँ सम्पन्न भएको थियो। गत वर्षको भन्दा यस वर्ष सो अवधिमा २० प्रतिशत कम रोपाइँ भएको देखिन्छ। विशेषगरी मधेस प्रदेश, बाग्मती प्रदेश र गण्डकी प्रदेशमा मनसुन ढिला शुरू भएका कारण धान रोपाइँ कम भएको विभागले उल्लेख गरेको छ।

जल तथा मौसम विज्ञान विभाग मातहतको मौसम पूर्वानुमान महाशाखाका अनुसार हाल देशमा मनसुनी वायुको आंशिक प्रभाव रहेको छ। मनसुनको न्यून चापीय रेखा सरदर स्थानको दक्षिणतिर अवस्थित रहेको छ। यही कारणले तुलनात्मकरूपमा कम वर्षा भएको महाशाखाका मौसमविद् सञ्जीव अधिकारीले बताए। “अहिले मनसुन ब्रेकको अवस्था छ, वर्षाका क्रममा केही कमी आएको छ, वर्षा नै नहुने भन्ने त हैन तर विगतका दिनको तुलनामा कम वर्षा हुने देखिन्छ,” उनले भने। मनसुनको न्यून चापीय रेखा सरदर स्थानको भन्दा दक्षिणतिर रहेकाले वर्षा कम भएको उनको भनाइ छ।

महाशाखाकै अर्का मौसमविद् रोजन लामिछानेले पनि मनसुनी वर्षा पर्याप्त नहुँदा धान रोप्न किसानलाई समस्या भएको उल्लेख गरे। “मनसुन वर्षा सरदरभन्दा केही कमजोर देखिएको छ। हरेक वर्ष मनसुनको एउटै ‘प्याट्रन’ हुँदैन। तर यो वर्ष मनसुन केही कमजोर देखिएको छ, अझै दुई/तीन दिन वर्षा राम्ररी हुने अवस्था देखिँदैन,” उनले भने।

मनसुन कमजोर रहे पनि खण्डितरूपमा मुलुकभर वर्षा भइरहेको मौसमविद् लामिछानेको भनाइ छ। कृषि विभागको विवरणमा कर्णाली प्रदेशमा विशेषगरी लम्पी स्कीन रोगका कारण गोरुको अभाव भई रोपाइँ थोरै प्रभावित भएको जानकारीमा आएको विभागले जनाएको छ।

सुदूरपश्चिम प्रदेशमा रोपाइँ करीब सकिएको छ। बिस्तारै मनसुन सक्रिय भइरहँदा, रासायनिक मलको उपलब्धता सुनिश्चित हुँदा र लम्पी स्कीन रोगको प्रभाव कम हुँदै जाँदा धान रोपाइँ हुने प्रतिशत क्रमशः बढ्दै जाने विभागको अपेक्षा छ। मध्य तराईमा साउन मसान्तसम्म नै रोपाइँ हुने गरेका सन्दर्भमा साउन मसान्तसम्ममा ९० देखि ९५ प्रतिशतसम्म रोपाइँ हुने अनुमान गरिएको विभागले उल्लेख गरेको छ।

**मनसुनी वर्षा ३७ प्रतिशत मात्रै**

जल तथा मौसम विज्ञान विभाग अन्तर्गतको हावापानी विश्लेषण शाखाका अनुसार जारी मनसुनमा हालसम्म देशभर ३७ प्रतिशत मनसुनी वर्षा भएको छ। शाखाका मौसमविद् सुदर्शन हुमागाईंका अनुसार जून १ देखि जुलाई २१ तारिखसम्म देशभर सरदर ५३८ दशमलव दुई मिलिमिटर वर्षा भएको छ। जुन सरदर वर्षाकै हाराहारीमा छ। पूरै मनसुन अवधिभर अर्थात् चार महीनामा नेपालमा एक हजार ४६२ मिलिमिटर वर्षा हुन्छ।

यस वर्षको मनसुन गत जेठ ३१ गतेदेखि नेपालमा प्रवेश गरेको थियो। नेपालमा सरदर जून १३ देखि अक्टोबर २ तारिखसम्मको अवधिलाई मनसुन मानिन्छ। यसअघि विगतका वर्षभन्दा यो वर्ष मनसुनी वर्षा ढिलो हुने प्रक्षेपण गरिएको थियो।

यसैबीच महाशाखाले जारी गरेको मौसम पूर्वानुमान बुलेटिनमा अहिले देशभर आंशिकदेखि सामान्य बदली रहेको छ। सबै प्रदेशका पहाडी भूभागका एक/दुई स्थानमा मेघगर्जन, चटयाङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ। लुम्बिनी प्रदेशको तराई भूभागका थोरै स्थानमा हावाहुरीको पनि सम्भावना छ।

आजराति पनि सबै प्रदेशका पहाडी भूभागका थोरै स्थान तथा बाँकी भूभागका एक/दुई स्थानमा मेघगर्जन, चटयाङसहित हल्कादेखि मध्यम वर्षा भइरहेको छ। लुम्बिनी प्रदेशको तराई भूभागका थोरै स्थानमा हावाहुरीको पनि सम्भावना रहेको छ।

महाशाखाको पछिल्लो विवरणमा सबैभन्दा धेरै दिपायलमा ५१ र पोखरामा ४४ मिलिमिटर वर्षा भएको छ। काठमाडौंमा मात्र चार मिलिमिटर वर्षा मापन गरिएको छ।


## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


## आजको राशिफल

| | |
|---|---|
| मेष – शत्रुपराजय | वृष – सुसमाचार |
| मिथुन – उदरपीडा | कर्कट – विजय |
| सिंह – धनलाभ | कन्या – भाग्योदय |
| तुला – बेचैनी | वृश्चिक – मनोरञ्जन |
| धनु – कर्मप्राप्ति | मकर – प्रगति |
| कुम्भ – वादविवाद | मीन – यात्रालाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# चैनपुरमा छठघाट निर्माण कार्य शुरू

प्रस, परवानीपुर, ६ साउन/

बारा, परवानीपुर–४ चैनपुरमा रु २२ लाखको लागतमा छठघाट निर्माण


तस्वीरः प्रतीक

शुरू भएको छ। चाचान समूह र रूँगटा समूहको ११/११ लाखको चन्दा सहयोगमा उक्त सामाजिक कार्य भइरहेको परवानीपुर गापाका अध्यक्ष रामक्षत्री प्रसाद कुर्मीले बताए। उनले छठघाट आवश्यक देखिएकोले दाता उद्योगबाट सहयोग पाएर निर्माण कार्य शुरू गरेको बताए। चाचान समूहको नारायणी रिफाइनरीका कारखाना प्रबन्धक बाकेलाल प्रसाद र रूँगटा समूहका सुरेश रूँगटाले संयुक्तरूपमा छठघाटको शिलान्यास गरेका थिए। सो अवसरमा वडा नं ४ का अध्यक्ष गम्भीरा पटेललगायत स्थानीयको सहभागिता थियो।

# एसइई उत्तीर्ण गरेका ७० जना विद्यार्थीलाई सम्मान

प्रस, वीरगंज, ६ साउन/

बारा, परवानीपुर गाउँपालिका-५


तस्वीरः प्रतीक

बहुअरी टोलमा शनिवार एसइई उत्तीर्ण गरेका ७० जना विद्यार्थीलाई सम्मान गरिएको छ।

स्वच्छ समाज युवा क्लबको आयोजनामा सन्ध्या साह, हिमांशुकुमार यादव, अञ्जलीकुमारी पटेल, करिश्माकुमारी पटेल, सोनुकुमार श्रीवास्तव, पुष्पाकुमारी राम, मन्दीप यादवलगायत यस वर्ष सो गापाबाट एसइई उत्तीर्ण ७० जना विद्यार्थीलाई सम्मानित गरिएको थियो। कार्यक्रमका प्रमुख अतिथि समाजसेवी डा शिवशङ्कर यादवले विद्यार्थीहरूलाई सम्मान गर्दै भविष्यमा अझ धेरै सफलता मिलोस् भनी शुभकामना व्यक्त दिएका थिए।

क्लबका अध्यक्ष भुपेन्द्र पटेलको अध्यक्षतामा भएको कार्यक्रममा वडाध्यक्ष रामेश्वर साह कलवार, समाजसेवी तथा खेलकूदप्रेमी शिवशङ्कर पटेलले उत्तीर्ण भएका विद्यार्थीहरूलाई बधाई दिंदै टोलका विद्यार्थीहरू भविष्यमा असल नागरिक बनून् भनी शुभकामना दिए।

कार्यक्रममा परवानीपुर गापाका नेता सञ्जु साह, बार एशोसिएशनका केन्द्रीय उपाध्यक्ष रामचन्द्र सिंह, प्रा किशोरी राम, वडा सदस्य दारा सिंह पटेल, शिक्षाविद् डा प्रमोद यादव, अर्जुन पटेल, जीतेन्द्रकुमार वर्मा, डा अजय यादव, इलाका प्रहरी कार्यालय, श्रीसियाका इन्चार्ज तेजप्रताप सिंह, नेकपा माओवादी केन्द्रका नेता लालबहादुर पटेलले शुभकामना व्यक्त गरेका थिए। कार्यक्रममा स्वागत आनन्द पटेलले र सञ्चालन त्रिलोकप्रताप सिंहले गरेका थिए।

# शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न

प्रस, वीरगंज, ६ साउन/

बहुदरमाई नगरपालिका-५ भौराटारस्थित नेपाल राष्ट्रिय सीताराम महतो माध्यमिक विद्यालयमा कक्षा १२ सञ्चालन हुने अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ।


तस्वीरः प्रतीक

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अशोकप्रसाद कुशवाहाको अध्यक्षतामा आयोजित कार्यक्रमको प्रमुख अतिथि प्रदेशसभा सदस्य प्रमोद जैसवालले उद्घाटन गरेका थिए।

कार्यक्रममा कक्षा १२ सञ्चालनका लागि बहुदरमाई नगरपालिकाका वडाध्यक्षहरू प्रमोदप्रसाद यादवले दुई लाख ५५ हजार, जीतेन्द्र पटेलले दुई लाख ५१ हजार, सुरेन्द्रप्रसाद यादवले अढाई लाख, वीरेन्द्रप्रसाद यादवले दुई लाख ५५ हजार, पुनिलाल साह तेलीले अढाई लाख र सुनील महतो कोइरीले पाँच लाख सहयोगका साथै अपुग रकमसमेत व्यवस्थापन गर्ने प्रतिबद्धता व्यक्त गरेका प्रधानाध्यापक सञ्जयकुमार महतोले बताए।

कार्यक्रममा जिल्ला समन्वय समिति, पर्साका उपसभापति पूर्ण पटेल, बहुदरमाई नगरपालिकाका प्रमुख सिंगासन साह तेली, उपप्रमुख सुषमा कुशवाहा, शिक्षा शाखा प्रमुख प्रमोद यादव, नेकपा एमालेका केन्द्रीय सल्लाहकार शिव पटेललगायतको सहभागिता रहेको कार्यक्रमको सञ्चालन शिक्षक सन्दीपकुमार जैसवालले गरेका थिए।

## वीरगंजमा खानेपानी ...

राजेशमान सिंहले बताए।

**खानेपानी संस्थानलाई धौधौ**

खानेपानी संस्थानको धारा जडानका लागि नगरवासीको धेरै निवेदन परेपछि अहिले संस्थानलाई धारा जडान गर्न धौधौ परेको छ।

खानेपानी संस्थानका प्राविधिक इन्द्रराज पाण्डेले वीरगंज कार्यालयमा अहिलेसम्म करीब छ सय निवेदन दर्ता भएको बताए। उनले सोमध्ये ४५० वटा धारा वैशाख, जेठ र असारसम्म जडान भइसकेको बताए। जनशक्ति अभाव भएपनि आफूहरूले काम गरिरहेको पाण्डेले बताए।

खानेपानीको पाइप पुगेको ठाउँको मात्र निवेदन लिइरहेको बताउँदै पाण्डेले महानगरका धेरैजसो टोलमा खानेपानीको पाइप नपुगेको बताए।

त्यस्तै, खानेपानी संस्थानको कार्यालयमा धारा जडानको लागि रु आठ हजार ४१० दस्तुर तथा अन्य सरसामान गरी एउटा धारा जडान लिन रु २० हजारसम्म तिर्नुपर्छ।




## सात वर्षपछि नलगाड ...

भूमिगत सुरुङ निर्माण गरी ४१७ मेगावाट विद्युत् उत्पादन हुने डिपिआरमा उल्लेख गरिएको छ।

आयोजनाले पार्ने वातावरणीय एवं जैविक प्रभाव न्यून गर्नुपर्ने, वातावरणीय संरक्षण नियम, २०५४ लाई ध्यान दिनुपर्ने र स्थानीय स्रोत/साधनको अधिकतम प्रयोग गर्नुपर्नेमा जोड दिंदै काम अगाडि बढाउनुपर्ने सरोकारवालाको भनाइ छ। आयोजनाबाट नलगाड नगरपालिका-५ र ७, बारेकोट गाउँपालिकाका-१, २, ५, ६, ७ र ८ वडा प्रभावित हुनेछन्।

"आयोजना निर्माणपछि हरित ग्याँसको उत्सर्जन घट्ने र सात लाख १७ हजार टन कार्बन उत्सर्जन कटौती हुनेछ," आयोजनाका निर्देशक पौडेलले भने, "आयोजना निर्माणसँगै क्षेत्रीय पूर्वाधारको विकास, विदेशी मुद्रा आर्जन, पर्यटन, ग्रामीण अर्थतन्त्रको विकास एवं विस्तार, रोजगारका अवसर सिर्जना, व्यापार-व्यवसायको अवसर वृद्धिलगायत काम हुनेछ।"

यसैबीच नलगाडसँगै जोडिएको वडा नं १० र ११ को सिमानामा बन्ने ७.१ मेगावाट क्षमताको ताक्सुगाड जलविद्युत् आयोजनाको अध्ययनको काम सकिएको छ। नलगाड हाइड्रोपावर कम्पनी लिमिटेडले विसं २०७५ मा विद्युत् विकास विभागबाट सर्वेक्षण अनुमति पाएको थियो। करीब पाँच वर्ष लगाएर पूर्वसम्भाव्यता अध्ययनको काम सकिएको कम्पनीका निर्देशक पौडेलले बताए। अध्ययनको काम सकेर उत्पादनका लागि लाइसेन्स माग गर्ने प्रक्रियामा रहेको उनको भनाइ छ।

पौडेलले १० दिनमा कम्पनीले निर्माण उत्पादन अनुमतिका लागि विभागसँग माग गर्नेगरी काम अघि बढाएको जानकारी दिए। "अध्ययनका सबै काम सकेका छौं। आयोजना निर्माणका लागि उत्पादन अनुमतिपत्र (जेनेरेसन लाइसेन्स) माग गरेर दुई वर्षमा आयोजनाको काम सम्पन्न गर्नेगरी योजना बनाएका छौं," उनले भने, "आइतवार मात्र पिपिएका लागि नेपाल विद्युत् प्राधिकरणसँग छलफल हुनेछ।"

आयोजना निर्माणका लागि ६५ किलोमिटर जग्गा अधिग्रहणको प्रक्रिया अघि बढाइएको आयोजनाका इन्जिनीयर पदमबहादुर थापाले जानकारी दिए। उनका अनुसार विस्तृत परियोजना प्रतिवेदन र वातावरणीय प्रभाव मूल्याङ्कन एक वर्षअघि नै बनिसकेका छन्। उनले यस आयोजना निर्माणका लागि रु एक अर्ब ३० करोड लागत अनुमान गरिएको बताए।

कर्णाली प्रदेश सरकारले पनि ताक्सुगाडमा लगानी गर्न बजेट विनियोजन गरेको पूर्वजलस्रोत तथा ऊर्जा विकासमन्त्री गणेशप्रसाद सिंहले बताए। गत आवमा पनि उक्त आयोजनाका लागि बजेट छुट्याएको भएपनि सबै रकम अर्को ठाउँमा रकमान्तर गर्नुपरेको उनको भनाइ छ।

# छपकैया कुटपिट घटनाबारे संयमता अपनाउन

# पर्सा प्रहरीको अपील, सुरक्षा व्यवस्था कडा

प्रस, परवानीपुर, ६ साउन/

वीरगंज नगरक्षेत्र एवं वडा नं ३ छपकैयाको सुरक्षा व्यवस्था कडा पारिएको छ। वीरगंजमा आपसी सद्भाव नखलबलियोस् भन्दै पर्सा प्रहरीले सुरक्षा व्यवस्था कडा पारेको जनाएको छ।


प्रदर्शन गर्दै युवाहरू। तस्वीरः प्रतीक

पर्सा प्रहरीका प्रवक्ता प्रनाउ दीपक गिरीले केही तत्त्वले व्यक्तिगत कुटपिटका घटनालाई साम्प्रदायिक रङ चढाउन खोजिरहेकाले सबैलाई सचेत रहन आग्रह गरे।

उनले कुटपिटको घटनामा संलग्न व्यक्तिहरूलाई आवश्यक कारबाही भइरहेकाले अफवाहको पछि नलाग्न पनि आग्रह गरे। गत बिहीवार साँझ ४ बजे वडा नं ३ छपकैयाका सुनीलकुमार मल्लिक र उनका छोरा विवेक मल्लिकमाथि गाडी पार्किङ गर्ने विषयमा विवाद हुँदा छपकैयका केही युवकले कुटपिट गरेका थिए। सो घटनामा सातजनाको संलग्नता रहेको पीडित पक्षले जनाएको छ। जसमध्ये तीनजनालाई प्रहरीले पक्राउ गरेर आवश्यक कारबाही अघि बढाएको छ।

पक्राउ पर्नेमा अजरुद्दीन अन्सारी, साहिल अन्सारी, सुरज भन्ने मोहसिन राजा रहेका छन्। उनीहरूमाथि अभद्र व्यवहार मुद्दा दर्ता गरी आवश्यक कारबाही अघि बढेको छ। सोही घटनामा संलग्न सबैजनालाई नियन्त्रणमा लिन दबाब दिन वीरगंजका युवाहरूले नगरपरिक्रम गर्दै प्रदर्शनसमेत गरेका छन्।

# विद्यालयमा डेस्क, बेन्च सहयोग

प्रस, परवानीपुर, ६ साउन/

पर्सा क्षेत्र नं ३ (१) का प्रदेश सांसद प्रमोद जैसवालले पटेर्वासुगौली गापाका सामुदायिक विद्यालय र मदर्सालाई बेन्च, डेस्क सहयोग गरेका छन्।

वडा नं ३ स्थित नेराआवि महेन्द्रपुर रामपुर, वडा नं १ स्थित भाटा आधारभूत विद्यालय र सोही वडाको मदर्सामा पाँच/पाँच थान गरी कुल १५/१५ थान डेस्क, बेन्च सहयोग गरेका छन्।

विद्यालयमा डेस्क, बेन्च नभएको गुनासो आएपछि प्रारम्भिक चरणमा उनले आफ्नो व्यक्तिगत खर्चबाट सो सामग्री सहयोग गरेको बताए। सामान सम्बन्धित विद्यालयका प्रअ, शिक्षकलाई विद्यालय व्यवस्थापन समितिको रोहबरमा हस्तान्तरण गरिएको थियो। उनले अन्य निकायबाट पर्याप्त डेस्क, बेन्च उपलब्ध गराउन पहल गर्नेसमेत आश्वासन दिए।



# निश्शुल्क मधुमेह शिविर

प्रस, वीरगंज, ६ साउन/

स्वतन्त्र मानव अधिकार समाजको


तस्वीरः प्रतीक

आयोजनामा वीरगंज महानगर-४ अमरचोकमा निश्शुल्क मधुमेह जाँच गरेको छ।

शिविरको उद्घाटनमा वडाध्यक्ष जगतसाह कानूले मधुमेह परीक्षण गरेर शुभारम्भ गरेका थिए।

शिविरमा डा नीरजकुमार सिंहले ५३ जना महिला, ९४ जना पुरुष गरी १४७ जनाको मधुमेह परीक्षण गरेका थिए।

समाजका अध्यक्ष कृष्णाकुमार खनालको अध्यक्षतामा भएको कार्यक्रममा निशान्त लामिछाने, सन्तोष खनाललगायतको सहभागिता थियो।

## चटयाङको समयमा सतर्क रहौं।

**चटयाङबाट बच्ने उपायः**

- बिजुली चम्केको बेला सतर्क रहने,
- विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चीसो वस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने,
- धातुका ह्यान्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड